नेपाल सरकार

# राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

**(कर्मचारी प्रशासन शाखा)**

सिंहदरबार, काठमाण्डौ
सम्पर्क नं. ०१-४२००५९०

पत्र संख्या : ०७४/०७५
च.नं. : १८०२

---

मिति : २०७४।०८।२४

श्री केन्द्रीय आयोजना कार्यान्वयन इकाई,
शहरी विकास मन्त्रालय
बबरमहल, काठमाडौँ ।

**विषय : प्राविधिक कर्मचारीहरुको खटन पटन सम्बन्धमा ।**

सम्वत् २०७२ बैशाख १२ गते गएको विनाशकारी भूकम्प र तत्पश्चात्को परकम्पबाट क्षतिग्रस्त संरचनाको पुनर्निर्माण छिटो छरितो रुपमा सम्पन्न गर्न भूकम्पबाट प्रभावित ३१ जिल्लाहरुका विभिन्न गाउँपालिका/नगरपालिकामा प्राविधिक ईन्जिनियर, सब-ईन्जिनियर र असिस्टेन्ट सब-ईन्जिनियर खटाइएको विवरण जानकारीका लागि यसैसाथ संलग्न गरिएको व्यहोरा अनुरोध छ । उक्त प्राविधिकहरुलाई हाजिर भएको मितिदेखि नै तलब भत्ता पाउने गरी हाललाई २०७५ आषाढ मसान्तसम्मको लागि करारमा नियुक्त गरी तहाँ केन्द्रीय आयोजना कार्यान्वयन इकाई, अन्तर्गत जिल्ला आयोजना कार्यान्वयन इकाईहरुमा दरबन्दीमा रही सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको प्रशासनिक नियन्त्रणमा रहने गरी कार्य सम्पादन गर्न कार्य विवरण दिइएको छ । उपलब्ध गरिएको कार्य विवरणको प्रतिलिपि यसैसाथ संलग्न छ । उक्त स्थानीय तहमा खटिएका प्राविधिक कर्मचारीहरु तोकिएको स्थानीय तहमा हाजिर भए/नभएको यकीन गरी संलग्न कार्य विवरण बमोजिम कामकाज गराउने साथै स्थानीय तहबाट हाजिरी प्रमाणित भएको आधारमा नियमित रुपमा मासिक तलब भत्ता उपलब्ध हुने व्यवस्थाका लागि आदेशानुसार अनुरोध छ ।

(विजय राना)
उपसचिव

**बोधार्थ तथा कार्यार्थः**
श्री केन्द्रीय आयोजना कार्यान्वयन इकाई,
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
श्रीमहल, ललितपुर ।

O/C

---